| | | | |
|---|---|---|---|
| २. | श्री शेरबहादुर के.सी. | कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेपलाञ्चोक । | राजपत्राङ्कित द्वितीय श्रेणी,(उप-सचिवस्तर) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत। |

## सूचना ६

श्री ५ को सरकारले मिति २०४६।५।३० को निर्णयानुसार नेपाल प्रशासन सेवा, (परराष्ट्र) राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तरको पदमा मिति २०४६।५।८ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| सि.नं. | नाम र थर | साबिक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री मनबहादुर बिष्ट | शाखा अधिकृत, परराष्ट्र मन्त्रालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिव-स्तर, परराष्ट्र मन्त्रालय वा अन्तर्गत |
| २. | श्री रामशरण खड्का | प्रथम सचिव, (राजपत्राङ्कित तृतीय श्रेणी) शाही नेपाली राजदूतावास, बेजिङ । | " " |
| ३. | श्री नबिनबहादुर श्रेष्ठ | शाखा अधिकृत, परराष्ट्र मन्त्रालय । | " " |

## सूचना ७

श्री ५ को सरकारले मिति २०४६।६।२ को निर्णयानुसार जिल्ला कार्यालय, नवलपरासीका वरिष्ठ प्रशासकीय अधिकृत(प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर) श्री रणबहादुर श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिवस्तर) को पदमा सरुवा गरेको छ ।

आज्ञाले,

बिष्णुप्रसाद खत्री

सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

326

## सूचना ८

श्री ५ महाराजाधिराज सरकारबाट गोरखा दरबारको कार्यालय प्रमुखको लागि सिर्जना भएको नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा उक्त कार्यालयका ना. सु. (हाल का. मु. कार्यालय प्रमुख) श्री गणेशविक्रम शाहलाई नियुक्त गर्न मिति २०४६।४।१७ मा हु. प्र. बक्स भएबमोजिम निजलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीमा नियुक्ति गरी उक्त गोरखा दरबार हेरचाह अड्डाको कार्यालय प्रमुख पदमा पदस्थापन गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले मिति २०४६।७।२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री हरिप्रसाद दुलाल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, डँडेलधुरा । | राजपत्राङ्कित तृतीय श्रेणी, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री प्रकाशबहादुर मल्ल | शाखा अधिकृत, गृह मन्त्रालय । | ” ” |
| ३. | श्री शिवप्रसाद नेपाल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, जुम्ला । | ” ” |
| ४. | श्री केदारबहादुर बोगटी | शाखा अधिकृत, औषधि व्यवस्था विभाग । | शाखा अधिकृत, निजामती किताबखाना । |
| ५. | श्री कमलप्रसाद पराजुली | घरेलु उद्योग अधिकृत, घरेलु तथा ग्रामीण उद्योग विकास शाखा, तेह्रथुम । | राजपत्राङ्कित तृतीय श्रेणी, स्वास्थ्य मन्त्रालय वा अन्तर्गत । |
| ६. | श्री शिवराज लोहनी | शाखा अधिकृत, राष्ट्रिय योजना आयोग-को सचिवालय । | राजपत्राङ्कित तृतीय श्रेणी, आवास तथा भौतिक योजना मन्त्रालय वा अन्तर्गत । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।